बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# प्रदेश सुशासन केन्द्र

जावलाखेल, नेपाल

पत्र संख्या : ८३/८४

चलानी नं. :०१

## विज्ञ स्रोत व्यक्ति सूचीकृत गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०८३/०४/०१

प्रदेश सुशासन केन्द्र जावलाखेल ललितपुरवाट आर्थिक बर्ष २०८३/८४ को वार्षिक कार्यक्रममा सञ्चालन गरिने विभिन्न प्रकारका तालिम, अध्ययनका लागि निम्नानुसार विषय क्षेत्रहरुमा विज्ञ सेवा आवश्यक पर्ने भएकोले यस केन्द्रले माग गरेको अवस्थामा सेवा प्राप्त गर्ने प्रयोजनका लागि विषयगत विज्ञहरुको सूची तयार गर्ने कार्य भइरहेको छ । यस केन्द्रको विज्ञहरुको सूचीमा नाम समावेश गरेर सेवा दिन ईच्छुक व्यक्तिहरुले निम्नानुसार विज्ञताका क्षेत्रहरुमा आफ्नो संक्षिप्त वैयक्तिक विवरण (Bio Data) सहित निवेदन पेश गर्न हुन सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**आवश्यक विज्ञताका क्षेत्रहरु**

१. संघीय शासन प्रणाली र स्थानीय शासन प्रणाली

२. स्थानीय सरकार संचालन सम्बन्धी नीति, कानुन तथा सार्वजनिक प्रशासन

३. सार्वजनिक खरिद प्रणाली

४. प्रदेश तथा स्थानीय तहमा राजस्व व्यवस्थापन

५. प्रदेश तथा स्थानीय तहमा वजेट तथा योजना तर्जुमा प्रकृया तथा मध्यमकालिन खर्च संरचना

६. आवधिक र क्षेत्रगत योजना तर्जुमा प्रकृया

७. सूचना प्रविधि र विद्युतीय शासन

८. सुशासन र सार्वजनिक तथा सामाजिक उत्तरदायित्व, गोपनियता, पारदर्शिता र सूचनाको हक सम्बन्धी

९. स्थानीय तहमा सिफारिस तथा पञ्जीकरण एवं घटना दर्ता सम्वन्धी

१०. लैंगिक उत्तरदायी बजेट, लैंगिक समानता तथा सामाजिक समावेशीकरण

११. वातावरण व्यवस्थापन, विपद तथा जोखिम न्यूनीकरण, जलवायु परिवर्तन

१२. शहरी तथा वस्ती विकास, भूउपयोग नीति, भवन आचार संहिता र नक्सा पास प्रणाली एवंम Bio Engineering सम्बन्धी

१३. स्थानीय तहको न्याय प्रणाली, मेलमिलाप र मध्यस्थता

१४. बालमैत्री स्थानीय शासन

१५. नेतृत्व विकास र सशक्तिकरण

१६. स्थानीय शासन कार्यसम्पादन मूल्यांङकन

१७. भौतिक पूर्वाधारसँग सम्बन्धित विषय

१८. स्थानीय तह आर्थिक विकास तथा अन्तर सरकार सम्वन्ध एवं आन्तरिक नियन्त्रण प्रणाली

१९. लेखा परिक्षण र वेरुजु व्यवस्थापन

२०. सार्वजनिक सम्पत्ती व्यवस्थापन एवं लिलाम सम्बन्धी

२१. फोहोरमैला व्यवस्थापन एवं पुरातात्विक सम्पदा सम्बन्धी

२२. नवप्रवर्तन साझेदारी सम्बन्धी

२३. पोषण मैत्री स्थानीय शासन

बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# प्रदेश सुशासन केन्द्र

पत्र संख्या :

चलानी नं. :

जावलाखेल, नेपाल

**आवेदकको योग्यता**

- आवेदकले अधिकतम ५ वटा सम्म विषय क्षेत्रमा विज्ञताको दाबी पेश गर्न सक्नेछन् ।
- आवेदक मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण भएको हुनुपर्नेछ ।
- अध्ययन अनुसन्धान सम्बन्धी सेवाको हकमा न्युनतम ५ वटा कार्य जिम्मेवारी (Assignment) पुरा गरेको हुनुपर्नेछ।
- विज्ञ सेवा माग गर्दा सम्बन्धित विषयको कार्य अनुभवलाई आधार मानेर प्राथमिकता तय गरिनेछ ।

इच्छुक महानुभावहरुले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र आफ्नो विज्ञताको क्षेत्र प्रष्ट खुल्ने गरि निम्नानुसार अनलाईन फाराम भरि आवेदन र आफ्नो वैयक्तिक विवरण (CV) पेश गर्नु हुन अनुरोध छ ।

**आवेदनका लागि लिङ्क:**

https://forms.gle/kQS8ofgR

२०८३/०४/०९.

विनोद विडोरी

(उपनिर्देशक)